# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, असार २९ गते, २०७७ साल (अतिरिक्ताङ्क २२


# भाग ५

## नेपाल सरकार

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सूचना

कोभिड-१९ को महामारीको कारण कामदार विदेश पठाउने प्रक्रिया अवरुद्ध भई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १३ को उपदफा (२) को खण्ड (घ२) र वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ८ को उपनियम (१) को खण्ड (क१) मा उल्लिखित व्यवस्था कार्यान्वयन गर्न बाधा अडकाउ परेकोले नेपाल सरकारले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८२ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको बाधा अडकाउ फुकाउने आदेश जारी गरेको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छः-

(क) लगातार दुई वर्षसम्म वार्षिक एक सय जना कामदार पठाउन नसकेका इजाजतपत्र प्राप्त संस्थाको इजाजतपत्र समेत आर्थिक वर्ष २०७७/७८ को लागि नवीकरण गराउन आएमा नियमानुसार नवीकरण गरिदिने ।

(ख) खण्ड (क) बमोजिम नवीकरण भएका इजाजतपत्र प्राप्त संस्थाको आर्थिक वर्ष २०७८/७९ का लागि नवीकरण गर्दा त्यस्ता संस्थाले आर्थिक वर्ष २०७६/७७ देखि संवत् २०७८ साल असार मसान्त भित्रमा कूल दुई सय जना कामदार पठाएको हुनु पर्ने।

आज्ञाले,
बाबुराम अधिकारी
नेपाल सरकारको निमित्त सचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३